# हरिनास गाउँपालिकाको विनियोजन विधेयक २०८१

**हरिनास गाउँपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

दोस्रो गाउँ सभाको पन्धौ अधिवेशन मिति २०८१।०३।१०

विधेयक प्रस्तोता गाउँपालिकाका प्रवक्ता एवं वडा नं ३ का वडा अध्यक्ष

श्री ओम प्रकाश सिग्देल ज्यू

**प्रस्तावना:**

हरिनास गाउँपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हरिनास गाउँपालिकाको दोस्रो गाउँ सभाको पन्धौ अधिवेशनको पहिलो बैठकमा यो विधेयक पेश गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस विधेयकको नाम "हरिनास गाउँपालिकाको विनियोजन विधेयक २०८१" रहेको छ ।

(२) यो विधेयक गाउँ सभावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/२०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८१/२०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४०१७०२००० -*(अक्षेरुपी चालिस करोड सत्र लाख दुइ हजार मात्र)* मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:**

(१) यस विधेयक सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/२०८२ को निमित्त हरिनास गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षक बाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि-१**



खिम नारायण मानन्धर
अध्यक्ष

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

स्थानीय सरकार हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चित्रेभञ्ज्याङ्ग, स्याङ्जा २०७३

रु. हजारमा

*नोटः विनियोजनको विस्तृत विवरण नीति, कार्यक्रम तथा बजेट पुस्तिकामा समावेश*

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | गाउँ कार्यपालिका | | | | |
| 2 | | वडा समिति | | | | |
| 3 | | बिषयगत शाखा | | | | |
| 4 | | ऋणको साँवा व्याज | | | | |
| 5 | | लगानी (शेयर/ऋण) | | | | |

*गरिएको छ ।*

जम्मा रु. ४०१७०२००० ।- ( अक्षेरुपीः रु चालिस करोड सत्र लाख दुइ हजार मात्र )



खिम नारायण मानन्धर
अध्यक्ष

हरिनास गाउँपालिका
## गाउँकार्यपालिका कार्यालय

स्थानीय सरकार हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चित्रेभञ्ज्याङ, स्याङ्जा २०७३

| शिर्षक | २०८१/२०८२ को अनुमान | कैफियत |
|---|---|---|
| **राजश्व (आन्तरिक आम्दानी)** | | |
| • आन्तरिक राजश्व | रू १९०३००० एक करोड नव्वे लाख तीस हजार मात्र | |
| • नेपाल सरकारवाट प्राप्त (वित्तीय समानिकरण अनुदान) | रू ८२३००००० आठ करोड तेइस लाख मात्र | |
| • नेपाल सरकारवाट प्राप्त ( राजश्व वाडफाड) | रू७७६००००० सात करोड छयात्तर लाख मात्र | |
| • प्रदेश सरकारवाट (वित्तीय समानिकरण अनुदान) | रू१०१५७००० एक करोड एक लाख सन्ताउन्न हजार मात्र | |
| • प्रदेश सरकावाट प्राप्त ( राजश्व वाडफाड) | रू ५१६५००० एकाउन्न लाख पैसठी हजार मात्र | |
| • सशर्त अनुदान ( संघ ) | रू १८५९५०००० अठार करोड उन्साठी लाख पचास हजार मात्र | |
| • सशर्त अनुदान (प्रदेश) | ० | |
| • प्रदेश समपुरक अनुदान | रू ६०००००० साठी लाख मात्र | |
| • प्रदेश विशेष अनुदान | रू ४०००००० चालिस लाख मात्र | |
| • संघीय विशेष अनुदान | रू ११५००००० एक करोड पन्ध्र लाख मात्र | |
| • कुल जम्मा | ४०१७०२००० चालिस करोड सत्र लाख दुइ हजार मात्र | |



खिम नारायण मानन्धर
अध्यक्ष

स्थानीय सरकार
हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...ढाङ, स्याङ्जा

| शीर्षक | | आ.व. २०८१/०८२ को आय अनुमान, हजारमा |
|---|---|---|
| **आयः** | | ० |
| | **राजस्वः** | |
| | आन्तरिक राजस्व | १९०३० एक करोड नव्वे लाख तीस हजार |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | |
| | नेपाल सरकारबाट प्राप्त अनुदानः | |
| | वित्तीय समानीकरण अनुदान | ८२३०० आठ करोड तेइस लाख |
| | सशर्त अनुदान | १८५९५० अठार करोड उन्नासाठी लाख पचास हजार |
| | राजस्व बाँडफाँड प्राप्ति | ७७६०० सात करोड छयात्तर करोड लाख |
| | विशेष अनुदान | ११५००एक करोड पन्ध्र लाख |
| | समपुरक अनुदान | ० |
| | | ३५७३५० पैतिस करोड त्रियहत्तर लाख पचास हजार |
| | प्रदेश सरकारबाट प्राप्त अनुदानः | |
| | वित्तीय समानीकरण अनुदान | १०१५७एक करोड पन्ध्र लाख सन्ताउन्त लाख |
| | सशर्त अनुदान | ० |
| | विशेष अनुदान | ४००० चालिस लाख |
| | सम्पुरकअनुदान | ६००० साठी लाख |
| | सवारी साधन कर | ५१६५ एकाउन्न लाख पैसठी हजार मात्र |
| | **कुल जम्मा** | **२५३२२ दुइ करोड त्रिपन्न लाख वाइस हजार मात्र** |
| | **जनसहभागिताः** | |
| | नगद सहभागिता | |
| | श्रम तथा वस्तुगत सहायता | |
| | कुल जम्मा | ४०१७०२ चालिस करोड सत्र लाख दुइ हजार मात्र |
| | | |

| कुल व्ययः | | |
|---|---|---|
| १ | प्रसाशनिक खर्च | ७०९३० सात करोड नौ लाख तीस हजार |
| २ | अन्य दायित्व | |
| ३ | विकास आयोजना तथा गाउँपालिका साझेदारी | १०९२७७ दश करोड वयानव्वे लाख सत्तहत्तर हजार मात्र |
| ४ | वडा गत आयोजना | १४००० एक करोड चालिस लाख मात्र |
| ५ | क्रमागत आयोजना | |
| ६ | सशर्त अनुदान | १८५९९५अठार करोड पचासी लाख पन्चानव्वे हजार मात्र |
| ७ | विशेष-अनुदान | १५५०० एक करोड पचपन्न लाख मात्र |
| ८ | सम्पुरकअनुदान | ६००० साठी लाख मात्र |
| बजेट बचत (+)/न्यून(-) | | |

| | |
|---|---|
| कुल जम्मा व्यय | रु ४०१७०२ चालिस करोड सत्र लाख दुइ हजार मात्र |



खिम नारायण मानन्धर
अध्यक्ष